बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
एवम् गाउँपालिका उपाध्यक्ष सिता थापाबाट गाउँ सभा समक्ष प्रस्तुत गर्नु भएको




गौमुल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
घट्मुना बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**आदरणीय सभाअध्यक्ष महोदय,**

यस गाउँपालिकाको दोस्रो गाउँसभाको ९ औ अधिवेशनका सभाध्यक्ष एवं अध्यक्ष ज्यू सभाका सदस्यज्यूहरू,

आज हामी उन्नाईसौ गाउँसभामा गौमुल गाउँपालिकाको विकास, समृद्धि र सुशासन दीर्घकालीन सोच सहित आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएका छौ । गौमुल गाउँपालिकाको बजेट एवम कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यो सम्मानीत गाउँसभा समक्ष आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गरिरहँदा गौरबको महशुस गरिरहेको छु ।
नेपालका बीर सहिदहरूको बलिदानले नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाज निर्माण गर्ने प्रणाली स्थापित भएको छ। यस महत्वपूर्ण अवसरमा देश र जनताको उज्ज्वल भविष्यको लागि मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र बनाउन आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरू प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु ।
हामी जनताका आधारभुत तहका समस्या समाधानका लागि जनप्रतिनिधीको रूपमा उपस्थि भएका छौ र सम्बोधन गर्ने प्रयास पनि गरिरहेका छौ । राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धीलाई संस्थागत गर्दै प्रचलित कानुन मार्फत सेवा प्रबाहलाई प्रभावकारी र सुशासनयुक्त प्रविधीमैत्री बनाउन प्रतिबद्ध छौ ।स्थानीय तहका अधिकार क्षेत्र भनि संविधान र कानूनले परिभाषित गरेका जिम्मेवारी पुरा गर्न हामीले केही कानुन र संस्थागत संरचना निर्माण गर्दै अगाडि बढ्ने प्रयास गरेका छौं ।
बजेट विनियोजन गर्दा नेपालको संविधानमा उल्लेखित राज्यका मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरू, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दिगो विकास लक्ष्य, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, गाउँसभाले पारित नीति तथा कार्यक्रम, कार्यपालिका बैठकबाट निर्धारित बजेटका प्राथमिकता, बस्तीबस्तीका समस्या, विषयगत समिति, वडा समिति, राजश्व परामर्श समिति, विभिन्न राजनीतिक दल, सरोकारवालाहरू लगायत विभिन्न विकासका साझेदार र विज्ञहरूको सुझावलाई ध्यान दिएर बजेट तथा कार्यक्रम तय गरेको छु ।
आदरणीय सभाध्यक्षज्यू,
आ.ब.२०८३।०८४ को बजेटका मुख्य प्राथमिकता र उद्देश्यहरू यस प्रकार रहेका छन्
१- क्रमागत र अधुरा योजनाहरूलाई पहिलो प्राथमिकता प्रदान गर्ने,
२- शिक्षा, स्वास्थ्य र सडकलाई प्राथमिकता प्रदान गर्ने
३- प्रविधिमैत्री गौमुलको संस्थागत विकास एवं दिगो संचालन गर्ने,
४- रैथाने बालीको संरक्षण गर्ने तथा पशुपन्छी र कृषिजन्य बस्तुको उत्पादकत्व वृद्धि गर्ने,
५- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई सेवाको अभिवृद्धि गर्ने,
६- सक्षम, सुदृढ तथा सुशासनयुक्त सेवा प्रबाहको लागि प्रविधीबाट सेवा प्रबाह गर्ने,
७- दिगो विकासका लक्ष्य, गाउँपालिकाको आवधिक योजना तथा प्रदेश सरकारले लिएको लक्ष्य प्राप्तीका लागि आवश्यक कार्य गर्ने,
११- सार्वजनिक खर्चमा मितव्ययीयता कायम गर्दै अनुत्पादक क्षेत्रमा खर्च कटौती गर्ने र सबै राजश्वका स्रोतहरूको परिचालन गरी करका दायरा बढाउने ।

१२- दश शैया अस्पतालको संचालन गर्ने।

आ.ब.२०८३।०८४ को बजेटका प्राथमिकताका आधारहरू यस प्रकार रहेकाछन्
१- आर्थिक विकास एवं गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
२- उत्पादकत्व तथा छिटो प्रतिफल दिने र राजश्व परिचालनमा योदान पुऱ्याउने ।
३- स्थानीय स्रोत साधानमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने ।
४- दिगो विकासका लक्ष्य, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने ।
५- लैङ्गिक समानता र सामाजिक समावेशीकरण कायम गर्ने ।
६- सेवा प्रबाह,संस्थागत विकास र सुशासन एवं प्रविधिको प्रयोगमा योगदान पुर्याउने ।
७- जिवीकोपार्जनमा टेवा पुऱ्याउने ।

**अब म गत आ.ब.२०८१।०८२ को यथार्थ आय-व्यय, चालु आ.ब.२०८२।०८३ को संशोधित आय-व्यय र आ.ब.२०८३।०८४ को अनुमानित आय-व्यय प्रस्तुत गर्न चाहान्छु ।**

आ.ब.२०८१।०८२ बजेटको लक्ष्य ३६ करोड ७१ लाख २७ हजार मा वास्तविक आय ३२ करोड २० लाख ३० हजार ७६८.५८ रहेको थियो।
व्यय तर्फ चालु खर्चमा रू २६ करोड ८३ लाख ६५ हजार रूपैया पूँजीगत तर्फ ९ करोड ८७ लाख ६२ हजार अनुमान गरिएकोमा क्रमशः चालु तर्फ २३ करोड ८७ लाख ५६ हजार ९५६ रूपैया र पूँजीगत तर्फ ७ करोड ७१ लाख १ हजार ७८ रूपैया खर्च भएको छ।

चालु आ.ब.२०८२।०८३ को आम्दानीको लक्ष्य रू ३९ करोड ८५ लाख ५१ हजार ४ सय ४८ रूपैया राखिएकोमा आजको मिति सम्मको कूल आय रू ३३ करोड ८४ लाख ६४ हजार ५ सय ४ रूपैया रहेको छ। यो रकम आयको कुल लक्ष्यको ८४.९२ प्रतिशत रहेको छ।
व्यय तर्फ चालु खर्चमा रू २७ करोड ५९ लाख ७७ हजार ४ सय ४८ रूपैया र पूँजीगत तर्फ १२ करोड २५ लाख ७४ हजार रूपैया अनुमान गरिएको मा क्रमशः चालु तर्फ रू २१ करोड ६७ लाख २ हजार ४ सय ८० रूपैया (७८.५२ प्रतिशत) र पूँजीगत तर्फ ४ करोड ८३ लाख ३३ हजार ८ सय ८४ रूपैया (३९.४३ प्रतिशत ) खर्च भएको छ।आजको मिति सम्म कूल खर्च रु २६ करोड ५० लाख ३६ हजार ३५९.४९ (६६.४९ प्रतिशत) रहेको छ।

**आदरणीय सभाध्यक्षज्यू,**
आ.ब.२०८३।०८४ मा गौमुल गाउँपालिकामा तपशिलमा उल्लेखित स्रोतहरूबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउँदछु । जसको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :
**१- आन्तरिक राजश्वबाट अल्या सहित रू ६० लाख**

**२- संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम**

सर्शत अनुदान चालु तर्फ रू १४ करोड ८६ लाख

सर्शत अनुदान पूँजीगत तर्फ रू ३३ लाख

वित्तीय समानीकरण अनुदान तर्फ रू ८ करोड ७६ लाख

समपुरक अनुदान तर्फ रू ५० लाख

बिषेश अनुदान तर्फ रु ७३ लाख

राजश्व बाडँफाड तर्फ रु ९ करोड ६७ लाख ५१ हजार

**जम्मा रू  ३४ करोड ८५ लाख ५१ हजार**

**३. सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम**

सर्शत अनुदान पूँजीगत तर्फ रू २ करोड ४० लाख

वित्तीय समानीकरण अनुदान तर्फ रू ७२ लाख  ७३ हजार

समपुरक अनुदान तर्फ रू ९७ लाख २२ हजार

विशेष अनुदान तर्फ रू ५१ लाख

राजश्व बाडँफाड २४ लाख ८३ हजार

जम्मा रू  ४ करोड ८५ लाख ७८ हजार

**कुल जम्मा आय रू ४० करोड ३१ लाख २९ हजार  हुने लक्ष्य प्रस्ताव गरेको छु ।**

**आदरणीय सभाध्यक्षज्यू,**

अब म आ.ब.२०८३।०८४ को विनियोजित बजेट प्रस्तुत गर्न गर्दछु ।

संघीय सरकारको तर्फबाट सर्शत अनुदान रू १५ करोड १९ लाख, , समपुरक अनुदान ५० लाख , विषेश अनुदान ७३ लाख  सुदूरपश्चिम सरकारको तर्फबाट सर्शत २ करोड ४० लाख, समपुरक अनुदान ९७ लाख २२ हजार र विशेष अनुदान ५१ लाखलाई तोकिएको कार्यविधि र कार्यक्रम संचालन निर्देशिका अनुरूप नै खर्च हुने गरी यस बजेटमा समाबेश गरिएको छ।

तपशिल

१. आर्थिक विकास तर्फ रू ५ करोड २ लाख ८६ हजार

२. सामाजिक विकास तर्फ रू १५ करोड २० लाख २० हजार

३. पूर्वाधार विकास तर्फ रू ६ करोड ५० लाख ५३ हजार

४. सुशासन तथा अन्तरसम्बन्धित सेवा प्रबाह तर्फ रू ९ लाख ७० हजार

५. कार्यालय संचालन तथा प्रशासनीक खर्च तर्फ रू १३ करोड ४८ लाख

उल्लिखित बजेट अनुसारको क्रियाकलापगत बिनियोजन यसै बजेट बक्तव्यको अनुसूचीमा समावेश गरिएको वेहोरा सदस्य ज्यूहरुलाई अवगत गराउन चाहन्छु।

**आदरणीय सभाध्यक्षज्यू,**

अब, म विभिन्न विषयगत शाखा र गाउँकार्यपालिकाको कार्यालयको बजेट विनियोजन पेश गर्न चाहान्छु। आ.ब.२०८३।०८४ को कुल बिनियोजन रकम रू ४० करोड ३१ लाख २९ हजार मध्ये चालु तर्फ २८ करोड ६० लाख २७ हजार रूपैया (७०.९५प्रतिशत) र पूँजीगत खर्च तर्फ रू ११ करोड ७१ लाख २ हजार रूपैया (२९.०५ प्रतिशत) विनियोजन गरेको छु।

कर्मचारीहरुको मनोबल उच्च पार्न गौमुल गाउँपालिकाको स्वीकृत दरबन्दि तेरिज अनुसार स्थायी कर्मचारीहरुको तलब संघीय सरकारले वृद्धि गरे अनुसार तलब वृद्धि गरेको छु भने करार सेवामा कार्यरत सबै कर्मचारीहरुको तलब खाईपाई आएको तलबमा १०% तलब वृद्धि गरेको छु। वृद्धि भएको तलब २०८३ श्रावण १ गते देखि लागु हुने छ।

**आदरणीय सभाध्यक्षज्यू,**

बजेट तर्जुमासँगसँगै यसको कार्यान्वयन अर्को महत्वपूर्ण पाटो हो । लक्ष्य अनुरूपका कार्यक्रमहरू समयै संचालन हुन सके मात्र अपेक्षित नतिजा हाँसिल गर्न सकिन्छ। कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको अत्यन्त ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायको तर्फबाट अपनत्व ग्रहण गरी यसको सफल कार्यान्वयनमा सहयोग पुर्‍याउने अपेक्षा लिएको छु । प्रस्तावित कार्यक्रमबाट गाउँपालिकाले प्रदान गर्ने सेवाप्रबाहमा गुणात्मक सुधार आई सुशासन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएको छु । प्रस्तावित बजेटको प्रभावकारी कार्यान्वयनमार्फत पारदर्शिता, मितव्ययिता र नतिजामुखी विकासलाई सुनिश्चित गरिनेछ । बजेट कार्यान्वयनमा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा आम नागरिक समवद्ध सबै सरोकारवाला पक्षसँग सहयोग र सहकार्यको अपेक्षा गर्दछु ।

आदरणीय सभाध्यक्षज्यू,

गौमुल गाउँपालिकाको यस गरिमामय उन्नाईसौ गाउँसभाको बजेट निर्माण गर्न अरात्र खटिनुहुने गाउँसभा सदस्यहरू, विषयगत समिति, बजेट तर्जुमा समिति, बजेट मस्यौदा समिति, कर्मचारी मित्रहरू, गौमुलबासी दाजुभाइ तथा दिदीबहिनीहरू लगायत सम्पूर्ण गौमुल गाउँपालिकाका शुभचिन्तकहरूमा धन्यबाद ज्ञापन गर्दछु ।

अन्त्यमा, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई गाउँपालिकाको समृद्धि र पालिकाबासीको हितमा सहयोग र लगानी गरी योगदान गर्न आव्हान गर्दछु ।

धन्यवाद ।

सिता थापा
गाउँपालिका उपाध्यक्ष
गौमुल गाउँपालिका